बांके जिल्लाको परस्पुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ब्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ भाद्र १२ गतेदेखि १४ गतेसम्म बांके जिल्लाको नेपालगञ्जमा “ब्यवसायिक बाख्रापालन तालिम” आयोजना गरेको बैंकका परसपुर शाखा कार्यालयका शाखाप्रमुख श्री टोप बहादुर रास्कोटीले जानकारी गराएका थिए । परस्पुर शाखाका शाखा प्रवन्धकको अध्यक्षतामा सम्पन्न तालिम उद्घाटन समारोहमा खजुरा गाउँपालिकका कार्यवाहक अध्यक्ष एकमाया बि.क.को प्रमुख अतिथि रहनुभएको थियो । उनले सो अवसरमा तालिममा सिकेका कुराहरुलाई व्यवसायमा उतार्न पनि आग्रह गरीन् । उनले सबैलाई व्यवसायी बन्न आग्रह गर्दै स्थानिय तहबाट सहयोग गर्न तयार रहेको बताईन् । उनले खुला नाकाको कारण सिमापारीबाट अवैध तवरले भित्रने खसीबोकाको कारण यस क्षेत्रका व्यवसायहरु चौपट हुन लागेको गुनासो आउने गरेकोले अवैध व्यापारको स्थानिय तहले अनुगमन गरी कारवाही गर्दै आएको र अवैध कारोवारको बारेमा सुचना दिन पनी आग्रह गरिन । यस तालिममा ३ जना वाह्य प्रशिक्षकहरु, शाखा प्रमुख श्री टोप बहादुर रास्कोटी र क्षेत्रीय प्रतिनिधि कार्यक्रम अधिकृत श्री जिताराम गौतमले तालिम संचालन गर्नु भएको थियो ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार

Copyright © 2019, Nirdhan Utthan Laghubiita Bittiya Sanstha Limited. All Rights Reserved

आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख जिताराम गौतम ले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत संस्थाको परस्पुर शाखाका सहायक पुष्पा शर्माले गरीन् भने तालिमको उदेश्य बारे क्षेत्रिय प्रवन्धक जिताराम गौतमले प्रकाश पारेका थिए ।



निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, ७ वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १८७ वटा कार्यालयहरुको स्थापना गरी ३,५५,९४७ जनालाई २२ अर्ब लगानी गरी १२ अर्ब वचत संकलन गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौंद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ । सो बाख्रापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका परस्पुर शाखाका शाखा प्रमुख टोप बहादुर रास्कोटीले जानकारी गराउँदै शाखाबाट नेपालगञ्ज, खजुरा, जानकी र वढैयातालमा १३० समुह मार्फत ३,२२२ सदस्य मार्फत १९ करोड कर्जा लगानी गरी १३ कारेड वचत संकलन गरेको जानकारी  दिए । तालिमको संचालन परस्पुर शाखाका सहायक श्री रमेश ठगुन्नाले गरेका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubiita Bittiya Sanstha Limited. All Rights Reserved